प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (Technical and Vocational Education and Training -TVET) कार्यक्रममा निजी क्षेत्र संलग्नताको लागि

सामाजिक विकास मन्त्रालय,

Ministry of Social Development (MoSD)

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

र

नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेश

Federation of Nepalese Chambers of Commerce and Industry (FNCCI)

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

बीच

# द्वीपक्षीय समझदारीपत्र (Bilateral Memorandum of Understanding)

२०८१ असार १९ गते

प्रदेश सचिव

# समझदारीपत्र

## (Memorandum of Understanding)

**पृष्ठभूमी:**

नेपालको संविधान २०७२ तथा कार्य-विस्तृतीकरण प्रतिवेदन २०७२ मा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी भएको व्यवस्था बमोजिम यस कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (Technical and Vocational Education and Training –TVET) क्षेत्रमा भौतिक, संस्थागत, नीतिगत विकासको लागि विभिन्न किसिमका कार्यक्रमहरु संचालनमा ल्याएको छ। यस मन्त्रालयले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्रमा निजि क्षेत्र (संघ, महासंघ, पेशागत संघ, उद्योग) को सक्रिय, प्रभावकारी एवं अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नका लागि तपसिलमा उल्लेखित सर्त सहित सामाजिक विकास मन्त्रालय (यस पछि **"मन्त्रालय" भनिने** छ), नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेश (यसपछि "महासंघ" भनिने छ) बीच यो द्वीपक्षीय समझदारीपत्र तयार गरिएको छ ।

**उद्देश्य:**

यस समझदारी-पत्रको मुख्य उद्देश्य प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्रसंग सम्वन्धित नीतिगत कार्यमा सामाजिक विकास मन्त्रालयसंग समन्वय र सहकार्य गरी महासंघमा आवद्ध जिल्ला स्थित मातहतका संघ वा अन्य पेशागत संघ/महासंघ एवं कर्णाली प्रदेश भित्रका उद्योग/व्यवसायहरुको सहकार्य, समन्वय तथा सहयोगमा श्रम बजारको माग अनुसारको आवश्यक सीप पहिचान गरी दक्ष जनशक्ति उत्पादन गर्दै रोजगारीको वातावरण सृजना गर्न पहल पुर्याउनु हो।यसका उद्देश्यहरु निम्नानुसार छन्:

(क) महासंघमा सीप विकास इकाई (Skill Development Unit) को गठन गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्रसंग सम्बन्धित कार्यहरु सञ्चालन गर्न/गराउन सहयोग गर्ने,

(ख) महासंघमा आवद्ध उद्योग/ व्यवसायहरुमा व्यवसायजन्य सुरक्षा र स्वास्थ्य प्रबर्धन एवम् मानव संशाधनको क्षमता अभिवृद्धि गर्ने,

(ग) उद्योगलाई आवश्यक पर्ने दक्ष जनशक्तिको माग र श्रम बजारको माग बीच तादम्यता कायमका लागि आवश्यक विषय/सीप पहिचान, सीप प्रमाणिकृत प्रशिक्षार्थी वा औद्योगिक



प्रदेश सचिव

प्रशिक्षार्थीको तथ्यांक एकत्रित गरी सम्बद्ध उद्योग/व्यावसायको मागको आधारमा कामदार व्यवस्थापन गर्न,

(घ) कार्यस्थलमा आधारित सिकाइ (Work-based learning) (औद्योगिक प्रशिक्षार्थी तालिम, कार्यगत अभ्यास सहितको तालिम) को लागि शिक्षालय/तालिम प्रदायक संस्था र उद्योगहरु बीच सम्बन्ध र सहकार्य विस्तार गर्न,

(ङ) महासंघमा आवद्ध उद्योगहरुलाई TVET सम्बन्धी कार्यक्रमहरुमा सचेतना अभिवृद्धि गर्न,

(च) प्रदेश सरकार र स्थानीय सरकारद्वारा संचालित TVET सम्बन्धी नीति नियम, कार्यक्रमहरुमा निजी क्षेत्रको संलग्नता र सहकार्यको अभिवृद्धि सुनिश्चित गर्न ।

(छ) TVET सम्बन्धी कार्य वा गतिविधिहरुमा तीनै तहका सरकार, विकास साझेदार वा गैह्र सरकारी संघ/संस्था र निजी क्षेत्र बीचमा आवश्यक समन्वय र सहकार्य गर्न,

(ज) TVET सम्बन्धी कार्यस्थलमा आधारित सिकाइ तालिमको पहिचान, पाठ्यक्रम विकासमा सहभागिता, सिकाइमूलक वातावरण तय वा गुणस्तर सुनिश्चितता, सीप प्रमाणीकरणको सहजीकरण तथा प्रशिक्षार्थी/रोजगार पदस्थापनाको लागि नेतृत्वदायी वा समन्वयकारी भूमिका निर्वाह गर्न।

(झ) निजी क्षेत्रका उद्योग/व्यावसायमा कार्यरत कामदार वा कामको खोजीमा रहेका युवाहरुलाई श्रम बजारसंग जोडनको लागि वृत्ति परामर्श/मार्गनिर्देशन सेवा प्रदान गर्न,

माथि उल्लेखित उद्देश्यको हासिल गर्नको लागि सामाजिक विकास मन्त्रालय, निजी क्षेत्रका उद्योग/व्यवसाय महासंघ र विकास साझेदार वा गैह्र सरकारी संघ/संस्था बीच आवश्यकता अनुसार वार्षिक कार्ययोजना तथा बजेट तयार गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रको विकास गर्न आवश्यक सहमतिको आधारमा द्विपक्षीय सम्झौता गर्न सक्नेछन्।

**सामाजिक विकास मन्त्रालयको भूमिका:**

(क) TVET सम्बन्धी नीति, नियम तथा निर्देशिका निर्माणका लागि निजि क्षेत्रका उद्योग/व्यवसाय संघ, महासंघ, विकास साझेदार वा अन्य सरोकारवालाहरुसंग समन्वय र परामर्श गर्ने,

(ख) मन्त्रालयले सञ्चालन गर्ने TVET सम्बन्धी विभिन्न कार्यक्रमहरुमा महासंघको सहभागिता र सहकार्यको लागि समन्वय गर्ने,

प्रदेश सचिव

(ग) मन्त्रालय अन्तर्गत TVET क्षेत्र विकासको प्रभावकारी कार्यन्वयनको लागि गठित विभिन्न समिति र ईकाइमा महासंघको प्रतिनिधित्व सुनिश्चित गर्ने,

(घ) महासंघ अन्तर्गत सीप विकास इकाईको स्थापना, TVET सम्बन्धी कार्यसंचालनमा सहयोगको लागि अर्थपूर्ण सहभागिता सहित यसको निरन्तरता र प्रभावकारिताको लागि आवश्यक सल्लाह, सुझाव तथा पृष्ठपोषण दिने,

(ङ) TVET संग सम्बन्धित कार्यक्रमहरुलाई उद्योग/व्यवसाय र शैक्षिक संस्थासंग जोड्नको लागि सीप विकास इकाईसंग समन्वय गर्ने,

(च) मन्त्रालयले संचालन गर्ने TVET सम्बन्धी कार्यक्रमहरुमा महासंघलाई सहभागी गराई निजी क्षेत्रको संलग्नताको सुनिश्चितता गर्ने/गराउने,

(छ) कार्यस्थलमा आधारित सिकाइका लागि शिक्षालय/तालिम प्रदायक संस्थाहरु मार्फत संचालन भएका विभिन्न तालिम संचालन, गुणस्तरीय मापनको सुनिश्चितता तथा यसको सीप प्रमाणीकरण जस्ता कार्यहरुमा संयुक्त अनुगमन तथा सुपरिवेक्षणमा सहभागी हुने।

(ज) गुणस्तरीय तालिम संचालनको लागि आवश्यक पूर्वाधारको सुनिश्चितता कायम गर्दै सीप परीक्षण/प्रमाणीकरण कार्य संचालन मार्फत दक्ष जनशक्ति उत्पादन गर्न महासंघसंग समन्वय गर्ने,

(झ) TVET क्षेत्रको विकासमा निजी क्षेत्रको सहभागिता अभिवृद्धिको लागि प्रोत्साहन (Incentives Mechanism) को व्यवस्था गर्ने,

(ञ) प्रदेशस्तरीय TVET क्षेत्रको नीति, रणनीति, योजना तथा कार्यक्रमहरुमा निजी क्षेत्रको औपचारिक रुपमा अर्थपूर्ण भूमिका सुनिश्चित गर्ने,

(ट) TVET क्षेत्रको विकासका कार्यक्रमहरु संचालनमा सार्वजनिक निजी साझेदारी (Public private partnership) मोडेलमा संचालन गर्ने,

**<u>नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेश भूमिका:</u>**

(क) प्रदेश तथा स्थानीयस्तरमा हुने TVET सम्बन्धी सम्पूर्ण गतिविधिहरु (टिभेट रणनीति/प्रोफाइल, सीप तथा जनशक्तीको आंकलन तथा सर्भेक्षण, पाठ्यक्रम निर्माण, तालिमको गुणस्तर सुनिश्चितता, सीप प्रमाणीकरण जस्ता कार्यहरु)मा सहभागी भई यसको कुशल कार्यान्वयनको लागि आवश्यक सहयोग, सहकार्य तथा समन्वय गर्ने,



प्रदेश सचिव

(ख) प्रदेशस्तरमा उद्योग/व्यवसायमा आवश्यक जनशक्ति/जब पोर्टल तथा पेशाको माग बमोजिम सीप प्रदान गर्ने समन्वय तथा सहजीकरण गर्ने,

(ग) विभिन्न करिअर मेला, वृत्ति मार्गनिर्देशन तथा रोजगार मेला/प्रदर्शनी जस्ता कार्यहरुमा सहकार्य तथा समन्वय गर्ने,

(घ) सीप विकास इकाईको स्थापना गरी TVET सम्बन्धी विभिन्न क्रियाकलापहरु संचालनमा उद्योग/व्यवसायी र शिक्षालय/तालिम प्रदायक संस्था बीच सम्बन्ध बिस्तारमा सहजीकरण गर्ने,

(ङ) सीप विकास इकाईको निरन्तरता र दीगोपनाको लागि महासंघले मन्त्रालय तथा अन्य सरोकारवालासंगको सहकार्यमा नीति/रणनीति बनाउने,

(च) आवश्यकता अनुसार संघीय, प्रदेश र स्थानीय सरकारहरुसंग सम्झौता अनुसारको कार्यक्रम तथा TVET संग सम्बन्धित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक समन्वय र सम्पर्क गर्ने,

(छ) मन्त्रालयलाई TVET सम्बन्धी नीति, नियम तथा निर्देशिका निर्माण गर्दा आवश्यक सुझाव तथा पृष्ठपोषण दिने,

(ज) कार्यस्थलमा आधारित सिकाइको अवसरको लागि प्रशिक्षार्थीको छनोट, प्रशिक्षार्थीको पदस्थापना, ईन-कम्पनी प्रशिक्षकको नियुक्ती, प्रशिक्षार्थीको मूल्यांकन, विभिन्न तालिमहरुको अनुगमन तथा मुल्यांकन जस्ता कार्य संचालनको लागि उद्योग/व्यवसायसंग समन्वय, सहकार्य र सम्बन्ध विस्तार गर्ने,

(झ) नेपाल उद्योग बाणिज्य महासंघ कर्णाली प्रदेशसंग आवद्ध सदस्य संस्था तथा उद्योग/व्यवसायहरुमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको सुनिश्चितताको लागि आवश्यक कार्यहरु संचालन गर्ने,

(ञ) मातहतका सदस्य उद्योग/व्यवसायहरुमा कार्यरत कर्मचारीहरुको क्षमता विकासको लागि सीप स्तरोन्नति तालिम (Skill Upgrading Training) संचालनको लागि सहकार्य तथा समन्वय गर्ने,

(ट) कर्णाली प्रदेश/ सामाजिक विकास मन्त्रालयवाट संचालन गरिने कार्यस्थलमा आधारित सिकाइका लागि गरिने तालिम चक्र (Training Cycle) को अवधिमा हुने विभिन्न कार्यहरु जस्तैः-सहभागी छनोट, पदस्थापना, मुल्यांकन, त्रिपक्षीय (शिक्षालय, उद्योग/व्यवसाय र प्रशिक्षार्थी) सम्झौता, टिभेट कार्यक्रम संचालन भएका शिक्षालयहरुको गुणस्तर सुनिश्चितता, वृत्ति विकासको



प्रदेश सचिव

सहजीकरण, सीप प्रमाणीकरणको लागि सहजीकरण गर्ने र उक्त सम्झौतामा उल्लेखित शर्तहरु पालना भए नभएको सुनिश्चित गर्ने ।

(ठ)मन्त्रालय अन्तर्गत TVET को प्रभावकारी कार्यान्वयनका लागि गठित विभिन्न समिति र इकाईमा महासंघको प्रतिनिधित्व गर्ने,

विविध:

(क) मन्त्रालय र महासंघ बीच निरन्तर सहकार्य हुनेगरी यस समझदारीपत्रमा उल्लेख गरिएका कुनै बुँदा थप गर्न वा हटाउन वा कुनै विषयमा कुनै अस्पष्टता भएमा वा विवाद भएमा आपसी सहमतिमा समाधान गरिनेछ। यसरी समाधान नभएमा प्रचलित कानून बमोजिम हुनेछ।

माथि उल्लेखित शर्तहरु दुवै पक्षद्वारा मन्जुर/सहमति भई श्रम बजारको माग, आवश्यकता अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रमहरु सञ्चालनमा निजी क्षेत्रको प्रभावकारी एवं अर्थपूर्ण संलग्नता हुने गरी यो समझदारीपत्रमा हस्ताक्षर गरेका छौं।

| सामाजिक विकास मन्त्रालयको तर्फबाट: | नेपाल उद्योग वाणिज्य महासंघको तर्फबाट: |
|---|---|
| हस्ताक्षर:............<br>नाम: दीर्घ बहादुर पोखरेल<br>पद: प्रदेश सचिव<br>छाप: प्रदेश सचिव | हस्ताक्षर:............<br>नाम: पदम बहादुर शाही<br>पद: अध्यक्ष<br>छाप: |
| साक्षी:<br>हस्ताक्षर:............<br>नाम: जवाहरलाल हमाल<br>पद: उप-सचिव | साक्षी:<br>हस्ताक्षर:............<br>नाम: भानुभक्त बराल<br>पद: उपाध्यक्ष |
| साक्षी:<br>हस्ताक्षर:............<br>नाम: बलबीर रघुनार<br>पद: [illegible] | साक्षी:<br>हस्ताक्षर:............<br>नाम: महेश्वकेशार खनाल<br>पद: कार्यकारी निर्देशक |
| मिति: २०८१ असार १९ गते बुधबार | |